## सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८१/११/०४ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. संघिय समपुरक अनुदान योजना माग सम्बन्धमा ।
३. संघिय विशेष अनुदान योजना माग सम्बन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।
५. अख्तियारनामा प्रतियायोजन गर्ने सम्वन्धमा
६. शिक्षण सहयोग अनुदान अपुग रकम सम्बन्धमा ।
७. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/१०/२४ गते बसेको गाउँ कार्यपालिकाको नबौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ संघिय समपुरक अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं २:**

राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८२।८३ का लागि कार्यान्वयन हुने संघिय समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| **क. सं.** | **योजना/ कार्यक्रम** | **कुल लागत प्रस्तावित रकम** |
|---|---|---|
| १ | ढोरचौर-फलाटे सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं ३ | ४ करोड ८० लाख |
| २ | उचाल्ने-खार्वन-सागिने सडक स्तरोन्नती वडा नं ४ | २ करोड ४० लाख |
| ३ | दह-राम्री सडक निर्माण वडा नं ५ | १ करोड २० लाख |

**प्रस्ताव नं ३ संघिय बिशेष अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ३:**

राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८२।८३ का लागि कार्यान्वयन हुने संघिय बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राथमिकरण गरी पठाउने निर्णय गरियो ।

| **क. सं.** | **योजना/ कार्यक्रम** | **संघिय सरकारको लागत प्रस्ताव रकम** |
|---|---|---|
| १. | विद्यालय गुणस्तर सदृढीकरण कार्यक्रम | २ करोड |
| २. | पोषण तथा खाद्य सुरक्षा कार्यक्रम | १ करोड |
| ३. | कृषि तथा पशु विकास कार्यक्रम | १ करोड |

**प्रस्ताव नं ४  आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | भुमी राना | सिद्ध कुमाख ४ सल्यान | लडेर रुखबाट खुट्टा भाँचिएको | रु १५ हजार |
| २. | दिला बोहरा | सिद्ध कुमाख १ सल्यान | विपन्न असहाय | रु १० हजार |
| ३. | भरत बुढाथोकी | सिद्ध कुमाख २ सल्यान | दिला बोहराको मृत श्रीमानको शव ढुवानी गरेको | रु १० हजार |

**प्रस्ताव नं ५ अख्तियारनामा प्रतियायोजन गर्ने सम्वन्धमा।**

**निर्णय नं ५:**

सम्मानित श्री सर्वोच्च अदालतमा रिट निवेदक दैलेख जिल्ला साविक दुल्लु गा.वि.स. वडा नं १० परिवर्तित भैरवी गाउँपालिका वडा नं ३ घर भइ कर्णाली प्रदेश अन्तर्गत सिद्ध कुमाख गाउँपालिका सल्यानमा लेखा सहायक पदमा कार्यरत बस्ने बर्ष २६ को रबिन्द्र बहादुर थापा (क.सं.नं २३७२०८) समेतले यस सिद्ध कुमाख गाउँपालिकाको कार्यालय ढोरचौर र सिद्ध कुमाख गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेत लाई विपक्षी बनाई दायर भएको "उत्प्रेषण समेतको (०८१-WO-०८२३)" मुद्दामा यस सिद्ध कुमाख गाउँपालिकाको कार्यालय, तथा प्रमुख प्रशासकीय अधिकृतको तर्फ बाट उक्त मुद्दामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न, कानूनी राय सल्लाह लिन कानून व्यवसायी नियुक्ति गरी निजहरुको विल बमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारनामा प्रतियायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ शिक्षण सहयोग अनुदान अपुग रकम सम्बन्धमा ।**

**निर्णय नं ६:**

चालु आ.व. २०८१/०८२ को सशर्त बजेट तथा कार्यक्रम अनुसार आधारभुत तह गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा रकम अपुग हुने देखिएको र माध्यमिक तहमा गणित विज्ञान र अंग्रेजी विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा रकम बचत हुने देखिएकाले **कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१** बमोजिम तेस्रो र चौथौं त्रैमासिक निकासामा आधारभुत तह गणित, विज्ञान र अंग्रेजी विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा अपुग रकम माध्यमिक तहमा गणित विज्ञान र अंग्रेजी विषयमा शिक्षण सहयोग अनुदान शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।